# COVID-19
# भुक्तान गरिने बिरामी बिदा

NEW YORK STATE MAKING PROGRESS HAPPEN

for WORKERS

## कर्मचारीहरू

गभर्नर क्युमोद्वारा हस्ताक्षर गरिएको कानून अन्तर्गत, न्यू योर्कका कर्मचारीहरू COVID-19 को कारणले **अनिवार्य वा सावधानी क्वारेन्टाइन आदेश** मा हुँदा तिनीहरूलाई ग्यारेण्टी गरिएको रोजगार संरक्षण र आर्थिक रूपमा क्षतिपूर्ति दिइनेछ।

### तपाईं अनिवार्य वा सावधानी क्वारेन्टाइन आदेशको विषय भएमा तपाईं निम्न संरक्षण र लाभहरूको हकदार हुनुहुन्छ:

तपाईं व्यवसायको लागि **10 वा सोभन्दा कम** कर्मचारीहरूसँग काम गर्नुहुन्छ र यसमा गत वर्ष **$1 मिलियनभन्दा कम खुद आय** भएमा, तपाईं निम्न कुराको हकदार हुनुहुन्छ:

- क्वारेन्टाइन आदेशको अवधिमा ग्यारेण्टी गरिएको रोजगार संरक्षण।
- तपाईंको रोजगारदाताको विद्यमान नीतिबाट भुक्तान गरिने पारिवारिक बिदा (PFL) र असक्षमता लाभहरू (DB)। तपाईंले आफ्नो अनिवार्य वा सावधानी क्वारेन्टाइनको अवधिमा प्रति हप्ता अधिकतम $2,884.62 सम्म आफ्नो तलब प्राप्त गर्नुहुनेछ।

तपाईं व्यवसायको लागि **10 वा सोभन्दा कम** कर्मचारीहरूसँग काम गर्नुहुन्छ र यसमा गत वर्ष **$1 मिलियनभन्दा बढी खुद आय** भएमा, तपाईं निम्न कुराको हकदार हुनुहुन्छ:

- **क्वारेन्टाइन आदेशको अवधिमा कम्तिमा 5 दिनको भुक्तान गरिने बिरामी बिदा** र ग्यारेण्टी गरिएको रोजगार संरक्षण।
- यी भुक्तानी गरिने बिरामी बिदाहरूपछि, तपाईं आफ्नो रोजगारदाताको विद्यमान नीतिबाट PFL र DB प्राप्त गर्न योग्य हुनुहुन्छ। तपाईंले आफ्नो अनिवार्य वा सावधानी क्वारेन्टाइनको अवधिमा प्रति हप्ता अधिकतम $2,884.62 सम्म आफ्नो तलब प्राप्त गर्नुहुनेछ।

तपाईं व्यवसायको लागि **11-99** कर्मचारीहरूसँग काम गर्नुहुन्छ भने तपाईं निम्न कुराको लागि योग्य हुनुहुन्छ:

- **क्वारेन्टाइन आदेशको अवधिमा कम्तिमा 5 दिनको भुक्तान गरिने बिरामी बिदा** र ग्यारेण्टी गरिएको रोजगार संरक्षण।
- यी भुक्तानी गरिने बिरामी बिदाहरूपछि, तपाईं आफ्नो रोजगारदाताको विद्यमान नीतिबाट PFL र DB प्राप्त गर्न योग्य हुनुहुन्छ। तपाईंले आफ्नो अनिवार्य वा सावधानी क्वारेन्टाइनको अवधिमा प्रति हप्ता अधिकतम $2,884.62 सम्म आफ्नो तलब प्राप्त गर्नुहुनेछ।

तपाईं व्यवसायको लागि **100 वा सोभन्दा बढी** कर्मचारीहरूसँग काम गर्नुहुन्छ भने तपाईं निम्न कुराको लागि योग्य हुनुहुन्छ:

- क्वारेन्टाइन आदेशको अवधिमा ग्यारेण्टी गरिएको रोजगार संरक्षण।
- **कम्तिमा 14 दिनको भुक्तान गरिने बिरामी बिदा।**

तपाईं सार्वजनिक रोजगारदाताको लागि (जतिजना कर्मचारीहरू भएपनि) काम गर्नुहुन्छ भने तपाईं निम्न कुराको लागि योग्य हुनुहुन्छ:

- **कम्तिमा 14 दिनको भुक्तान गरिने बिरामी बिदा।**

### महत्वपूर्ण नोटहरू:

- **तपाईं क्वारेन्टाइनमा हुनुहुन्छ तर घरबाट काम गर्न सक्नुहुन्छ भने तपाईं यी लाभहरूको लागि योग्य हुनुहुन्न।**
- COVID-19 को कारणले तपाईंको व्यवसाय बन्द भएमा, तपाईंका कर्मचारीहरूले तुरून्तै बेरोजगारी बिमाको लागि आवेदन दिन सक्नुहुनेछ।
- तपाईं PFL र DB मा थप बिदाको लागि योग्य हुन सक्नुहुनेछ। कृपया थप जानकारीको लागि हटलाइनमा फोन गर्नुहोस्।

### प्रश्नहरू:

थप जानकारीको लागि ny.gov/COVIDpaidsickleave मा जानुहोस्
नोभल कोरोनाभाइरस (COVID-19) भुक्तान गरिने बिरामी बिदाको हटलाइन: **844-337-6303**